# स्वागत

निरंकुश सत्ता विरुद्ध आन्दोलनरत सात राजनैतिक दलहरु र बिद्रोही नेकपा माओवादी द्वारा निरंकुशतन्त्रको अन्त्य र पुर्ण लोकतन्त्रको स्थापना गर्ने उध्देस्यले २२ नोभेम्वर २००५ मा जारी गरेको १२ बुँदे समझदारी पत्रको **नेपालीज फोरम फर हयुमन राइटस एण्ड पिपुल्स डेमोक्रेसी (नेहुरिप्ड) - अष्ट्रेलिया** स्वागत गर्दछ।

देशमा १० बर्ष देखि जारी द्वन्द्वलाई शान्तिपुर्ण वार्ताको माध्यमबाट समाधान गर्नकालागि निरंकुशतन्त्रको अन्त्य र लोकतान्त्रिक राज्यव्यबस्था स्थापना गर्नकोलागी भएको यो समझदारी ऐतिहासिक कदमको रुपमा हामी देख्दछौ। बहुदलीय शासन प्रणाली, नागरीक स्वतन्त्रता, कानुनी राज्यको अवधारणा, मानवअधिकार, प्रेस स्वतन्त्रता आदि प्रजातान्त्रिक मुल्य र मान्यतालाइ आत्मसात गर्दै पुर्ण प्रजातन्त्र स्थपना गर्नकोलागी संविधान सभा मार्फत समस्या समाधान गर्नु पर्नेमा देखिएको सहमति देशमा जारी द्वन्द्वको समाधान गर्ने तर्फ सकारात्मक र अग्रगामी कदम भएको ठहर गर्दछ।

बिद्रोही नेकपा माओवादीलाई मानव अधिकार तथा मानविय कानूनको पुर्ण पालना गर्न र नेपाली जनताको शान्तिको आकांक्षालाई पुर्णता दिन जारी सिज फाएर नतोड्न आह्वान गर्दछौ। साथै सात राजनैतिक दलहरु र माओबादीलाई उल्लेखित समझदारी लाई इमान्दारी पुर्वक पालना गर्न आग्रहसमेत गर्दछौ। यदि कतैबाट जनतालाइ झुक्याउने प्रयास गरीन्छ भने त्यसलाइ नेपाली जनताले समाप्त पारीदिनेछन भन्ने चेतावनि पनि दिन चाहन्छौ।

र अन्त्यमा, वर्तमान मन्त्रिपरीषदका अध्यक्ष राजा ज्ञानेन्द्रलाइ देशमा स्थाइ शान्ति ल्याइ वहुदलिय प्रजान्त्र स्थापित गराउने भित्रि इच्छा हो भने तुरुन्त सबै पक्षसंग संबाद गरी प्रजातन्त्र पुनःस्थापना गर्ने दिसामा लाग्न आग्रह गर्दछौ।

रमेश पाण्डे
संयोजक
**नेपालीज फोरम फर हयुमन राइटस एण्ड पिपुल्स डेमोक्रेसी (नेहुरिप्ड), अष्ट्रेलिया**